# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः९ प्रकाशन मितिः २०८०/०८/११

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## म्याग्दे गाउँपालिकाको कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि-२०८०

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०७/२३

## म्याग्दे गाउँपालिका कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि-२०८०

**प्रस्तावना**ः म्याग्दे गाउँपालिकालाई संघ प्रदेशबाट प्राप्त हुने समानिकरण अनुदान सशर्त अनुदान, राजस्वको अनुदान, विशेष एवं समपुरक अनुदान साथै गाउँपालिकाको आन्तरिक आयबाट गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले म्याग्दे गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ।

### १. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "**कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि-२०८०**" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

### २. उद्देश्य

कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्चसम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन्

क. योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी बापतको रकमलाई पारदर्शी र बिधिबत रुपमा खर्च गर्न।

ख. उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सीवापतको रकम खर्च गर्न ।

ग. कन्टिन्जेन्सीबापतको रकमलाई एकिकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यस्थित तवरले खर्च गर्न।

घ. भैपरी आउने खर्चको व्यवस्थापन गर्न।

ङ. कन्टेन्जेन्सी बापतको रकम यथार्थपरक रुपमा अभिलेखीकरण गर्ने।

### ३. कन्टिन्जेन्सी रकमको व्यवस्थाः

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरूको तोकिए बमोजिम अधिकतम ३ प्रतिशत कन्टिन्जेन्सी बापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा (४) मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र पारदर्शी ढंगले खर्च गर्न सकिनेछ ।

### ४. खर्च गर्न सकिने क्षेत्रहरुः

योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाको देहायका शिर्षकहरुमा मितव्ययी ढंगले खर्च गर्न सकिनेछ।

क) योजना अनुगमन तथा सुपरिवेक्षण एवं योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायका खाजा खाना खर्च ।

ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने मसलन्द सामग्री तथा प्राविधिक सामग्री खरिद ।

ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी ब्यवस्थापनमा लाग्ने खर्च रकम ।

घ) गाउँपालिकाको निर्णय बमोजिम तत्काल कार्यान्वयन गर्न आवश्यक ठानेका योजना, कार्यक्रमहरु तथा तोकेको अन्य क्षेत्र ।

ङ) लेखापरीक्षण सम्वन्धी खर्च ।

च) योजना तथा कार्यक्रम, कानून सम्बन्धी अभिमुखीकरण तालिम गोष्ठी कार्यक्रम सञ्चालनमा लाग्ने खर्च ।

छ) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणको क्रममा भएको खर्च ।

ज) विभिन्न स्थानीय तहमा भएका योजना तथा कार्यक्रमहरुको असल अभ्यासको अनुसरण गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन खर्च।

झ) पुंजिगत परामर्श खर्च।

ञ) योजना संग सम्वन्धित सवारी साधन तथा मेशिनरी सामान खरिद खर्च ।

**५. कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः**

योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी कट्टी रकम मध्ये प्रशासनिक खर्चमा अधिकतम ५५ प्रतिशत र पुँजिगत खर्चमा न्युनतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

**६. कन्टिन्जेन्सी रकम एकिकृत गर्न सकिनेः**

योजनाहरुबाट योजना तथा बजेट निर्माण गर्दा कन्टेनजेन्सी रकम एकिन गरी एकिकृत गरी खर्च गर्न सकिनेछ। तर पहिलेनै योजना तथा बजेट विनियोजन हुँदा कन्टिन्जेन्सी गणना नभएको हकमा योजनाहरुबाट ३ प्रतिशतका दरले कन्टिन्जेन्सी रकम रकमान्तर गरी एकिकृत गर्न सकिने छ । सशर्त समपुरक तथा विशेष अनुदानका योजनाहरुको हकमा खर्च अनुपातको आधारमा अधिकतम ३ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने छ ।

**७. थपघट हेरफेर वा संसोधनः**

गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकताअनुसार थपघट हेरफेर तथा संसोधन गर्न सक्ने छ।

**८. बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने अधिकार विधान समिति सिफारिसमा कार्यपालिकाको हुनेछ ।तर प्रचलित ऐन कानून नियम र यस कार्यविधि को मुलभुत उदयेश्यलाई असर गर्ने गरी बाधा अड्काउ फुकुवा गर्न सकिने छैन ।

**९. यसै बमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्वीकृत हुनुपूर्व योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी रकमबाट भए गरेका कार्यहरु यसै कार्यविधि वमोजिम  भए गरेको मानिनेछ।

आज्ञाले
नारायण प्रसाद अधिकारी
प्रमखु प्रशासकीय अधिकृत